# धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय

## धरान, सुनसरी, प्रदेश नं. १, नेपाल

## नगर कार्यपालिका बैठक

## बैठक संख्या १३/०७६/०७७

आज मिति २०७६ चैत्र २० गते विहिबार दिउँसो २:०० बजे धरान उपमहानगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री तिलक राईज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बस्यो ।

उपस्थितीः

| क.स. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री तिलक राई | नगर प्रमुख | धरान उपमहानगरपालिका | |
| २. | श्री मञ्जु भण्डारी सुवेदी | नगर उप-प्रमुख | धरान उपमहानगरपालिका | |
| ३. | श्री विनोद मानन्धर | का.वा. अध्यक्ष | धरान-१ | |
| ४. | श्री माघवगोविन्द श्रेष्ठ | अध्यक्ष | धरान-२ | |
| ५. | श्री आशा कुमार श्रेष्ठ | वडा अध्यक्ष | धरान-३ | |
| ६. | श्री गोरसमान आले | का.वा. अध्यक्ष | धरान-४ | |
| ७. | श्री सन्तोष लिम्बु | वडा अध्यक्ष | धरान-५ | |
| ८. | श्री भुवनसिं वस्नेत | वडा अध्यक्ष | धरान-६ | |
| ९. | श्री जिवन सुवेदी | वडा अध्यक्ष | धरान-७ | |
| १०. | श्री रुद्रबहादुर लिम्बु | वडा अध्यक्ष | धरान-८ | अनुपस्थित |
| ११. | श्री रत्न बहादुर कटुवाल | वडा अध्यक्ष | धरान-९ | |
| १२. | श्री श्रीप्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-१० | |
| १३. | श्री बाबुलाल लामा | वडा अध्यक्ष | धरान-११ | |
| १४. | श्री ब्रम्हज्ञ भट्टराई | का.वा. अध्यक्ष | धरान-१२ | |
| १५. | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | |
| १६. | श्री मन्जिल कसजु | का.वा. अध्यक्ष | धरान-१४ | |
| १७. | श्री नरेश कुमार इवारम | वडा अध्यक्ष | धरान-१५ | |
| १८. | श्री दिलकुमार गिरी | वडा अध्यक्ष | धरान-१६ | |
| १९. | श्री सुर्यबहादुर भट्टराई | वडा अध्यक्ष | धरान-१७ | |
| २०. | श्री नरेन्द्र कुमार राई | वडा अध्यक्ष | धरान-१८ | |
| २१. | श्री पुर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | |
| २२. | श्री मणिराम राई | वडा अध्यक्ष | धरान-२० | |
| २३. | श्री सुवास राई | नगर कार्यपालिका सदस्य | धरान-१७ | अनुपस्थित |
| २४. | श्री कैलाश अग्रवाल | नगर कार्यपालिका सदस्य | धरान-२ | |
| २५. | श्री किशोर परियार | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २६. | श्री गिता पाखिन | नगर कार्यपालिका सदस्य | धरान-७ | |
| २७. | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २८. | श्री कल्पना थापा | नगर कार्यपालिका सदस्य | धरान-११ | |
| २९. | श्री लिलामाया गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-८ | |
| ३०. | श्री हिरादेवी राई | नगर कार्यपालिका सदस्य | धरान-१६ | |
| ३१. | श्री विदुर प्रसाद खनाल | प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव | |

| क.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री गणेश प्रसाद खतिवडा | वरिष्ठ प्रशासकीय अधिकृत | |

वैठकमा छलफल र निर्णय भएका विषयहरुः-

१. **कोरोना रोकथाम, नियन्त्रण , उपचार तथा राहत कोष स्थापना गर्नेसम्बन्धमाः-**

हाल विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाईरसको रोकथाम नियन्त्रण गर्न, उपचार गर्न र राहत वितरण गर्न प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृत वाट सांचलनहुनेगरी **कोरोनारोकथाम,नियन्त्रण, उपचार तथा राहत कोष** को स्थापना गर्ने निर्णय गरियो ।

२. **कोरोना रोकथाम, नियन्त्रण, उपचार तथा राहत कोषमा रकम जम्मा गर्ने सम्बन्धमाः**

यस उप महानगरपालिकावाट स्थापना गरिएकोकोरोना रोकथाम, नियन्त्रण, उपचार तथा राहत कोष राष्ट्रिय बाणिज्य बैङ्क धरान शाखाको २१६०००६१०७०१ मायस उप महानगरपालिकाको प्रकोप व्यवस्थापन कोषवाट रु २५०००००। ( पच्चिस लाख मात्र) जम्मा गर्ने र कोरोना रोकथाम, नियन्त्रण, उपचार साथै राहत वितरण गर्न खर्च गर्ने निर्णय गराईयो ।

३. **राहत उपलब्ध गराउने सम्बन्धी मार्गदर्शन २०७६ स्विकृत गर्ने सम्बन्धमा :**

नेपाल सरकारवाट तयार गरि पठाएको मस्यौदाका आधारमा धरान उप महानगरपालिकावाट तयार गरेको कोभिड १९ रोकथाम तथा नियन्त्रणका क्रममा भएको आवागमन निषेधवाट उत्पन्न परिस्थितिमा लक्षित परिवारलाई राहात उपलब्ध गराउने सम्बन्धी मार्गदर्शन २०७६ स्विकृत गर्ने निर्णय गरियो । स्वीकृत मार्गदर्शन पछाडी टास गरी प्रमाणित गरिएको छ ।

४. **वडाहरुले राहात वितरण गर्ने सम्बन्धमा :**

कोभिड १९ रोकथाम तथा नियन्त्रणका क्रममा भएको आवागमन निषेधवाट उत्पन्न परिस्थितिमा लक्षित परिवारलाई राहात उपलब्ध गराउने सम्बन्धी मार्गदर्शन २०७६को २५ नं मा भएको व्यबस्था अनुसार यस उप महानगरपालिकाका वडाहरुले आफ्नो अनुकुलहुनेगरि प्रतिस्पर्धा नगरि र दोहोरो नपर्ने गरि आ आफ्नो वडाका संघ संस्था तथा व्यक्तीहरुसंग समन्वयगरी मापदण्ड भित्ररही राहत वितरण गर्न सक्ने र राहात वितरणको विवरण नगरपालिकालाई उपलब्ध गराउने निर्णय गरियो ।

५. **समितिको गठन र कार्यक्षेत्र अनुमोदन गर्ने सम्बन्धमा ।**

हाल संक्रमणको रुपमा फैलिरहेको नोबोल कोरोना भाइरस रोकथाम तथा नियन्त्रणकालागि नेपाल सरकारबाट गरिएको आवागमन निषेध (लक्डाउन) का कारण दैनिक मजदुरी तथा ज्यालादारी गरी खाने वर्गमा खाद्यन्नको अभावलाई पूर्ति गर्न राहत उपलब्ध गराउने कामलाई व्यवस्थित गर्न मिति २०७६/१२/१९ गतेको सर्वदलिय तथा सर्वपक्षीय वैठकबाट गठित देहायको कार्यक्षेत्र भएको तपसिलको नगरस्तरीय राहत समितिलाई अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| संयोजक | तिलक राई, प्रमुख |
| सह संयोजक | मञ्जु भण्डारी सुवेदी, उप प्रमुख |
| सदस्य | चन्द्रबहादुर कार्की, ईलाका प्रशासन कार्यालय प्रमुख |

सदस्य गिरीधारी सापकोटा, अध्यक्ष, सुनसरी उद्योग वाणिज्य संघ

सदस्य मनोज कुमार मेनेङ्बो, पूर्व नगर प्रमुख

सदस्य उमेश थापा, अध्यक्ष, नेपाल रेडक्रस सोसाईटी सुनसरी

सदस्य गौरी शंखर अग्रवाल, नागरिक समाज

सदस्य नेपाल महासंघ सुनसरीको प्रतिनिधी

सदस्य सचिव विदुर प्रसाद खनाल, प्रमुख प्रशासकीय अधिकृत, धरान उपमहानगरपालिका

सहयोगी खगेन्द्र प्रसाद खतिवडा, वरिष्ठ राजस्व, सूचना तथा पर्यटन अधिकृत

समितिको कार्यक्षेत्र

- वडाहरुबाट प्राप्त राहत पाउने परिवारको विवरण अनुसारको राहत सामग्री खरिद, संकलन गर्ने ।
- खरिद तथा संकलन भएको राहत वितरणकालागि प्याकेज बनाउने ।
- वडाहरुलाई उपलब्ध गराउने राहत प्याकेज वडा कार्यालय तथा तोकिएको स्थान सम्म पुऱ्याने ।
- कोभिड १९ रोकथाम तथा नियन्त्रणका क्रममा भएको आवागमन निषेधवाट उत्पन्न परिस्थतिमा लक्षित परिवारलाई राहात उपलब्ध गराउने सम्बन्धी मार्गदर्शन २०७६ मा उल्लेख भएका र तत्कालिन आवश्यकता अनुसारका अन्य कामहरु गर्ने ।
- आफ्नो काम कार्वाहिको विवरण नगरपालिका समक्ष पेश गर्ने ।

**६. राहत सामाग्री खरिद गर्ने सम्बन्धमा ।**

कोभिड १९ रोकथामं तथा नियन्त्रणका क्रममा भएको आवागमन निषेधवाट उत्पन्न परिस्थतिमा लक्षित परिवारलाई राहात उपलब्ध गराउने प्रयोजनकालागिं आवश्यक खाद्य सामाग्रीहरु तत्काल वितरण नगर्दा दैनिक आम्दानीबाट गुजारा गर्ने अति विपन्न तथा ज्यालादारीमा काम गरि खाने नगरवासीहरुलाई विहान बेलुकाको खाना कै लागि समस्या भएकोले तत्काल खरिद गर्नका लागि प्रचलित खरिद नियमावली अनुसार बोलपत्रको माध्यमबाट खरिद गर्दा कम्तीमा १.५ महिनाको समय लाग्ने भएकाले सार्वजानिक खरिद नियमावली २०६४ को नियम १४५ अनुसार वार्ताको माध्यबाट यथाशिघ्र खरिद गरी वितरण गर्ने निर्णय गरियो ।

**७. विमा गरिदिने सम्बन्धमा ।**

कोभिड-१९ रोकथाम तथा नियन्त्रणको काममा खटिएका कर्मचारी तथा जनप्रतिनिधीहरुको विमा कम्पनीहरुसँग समन्वय गरी स्वास्थ्य विमा गरिदिने निर्णय गरियो ।

आजको बैठक बेलुकि ५ बजे समाप्त भयो ।

बैठकको निर्णय माईन्यूट गर्ने बरिष्ठ प्रशासकीय अधिकृत गणेश प्रसाद खतिवडा